बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

सन्दर्भ सर्तहरु TOR

**व्यावसायिक सीप विकास तालिमको लागि तालिम प्रदायक भर्ना गर्नका लागि**

**(खरीद नम्बर: BGM/सेवा/2082-083/VT-01 र 02)**

**बाणगंगा नगरपालिका, कपिलवस्तु**

१. पृष्ठभूमि (Background)

- लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित बाणगंगा नगरपालिका एक द्रुत गतिमा विकास भइरहेको स्थानीय तह हो । यहाँको जनसंख्या कृषि, साना उद्योग र अनौपचारिक क्षेत्रमा संलग्न छ । बजार अनुकूल सीपको अभावमा धेरै युवा, महिला र सीमान्तकृत समूहहरू बेरोजगार वा अर्ध-बेरोजगार रहेकाले नगरपालिकाले सीप विकासलाई मुख्य रणनीतिको रूपमा अगाडि सारेको छ । यो कार्यक्रम नेपाल सरकारको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) नीति अनुरुप रहेको छ । नगरपालिकाले स्थानीय बजारको माग र आयआर्जनको सम्भावनालाई हेरेर विभिन्न ६ वटा विषयमा तालिम सञ्चालन गर्न लागेको हो
- २. कार्यको उद्देश्य (Objectives)
- समग्र उद्देश्य: नगरपालिकाभित्रका युवा, महिला र विपन्न समूहलाई गुणस्तरीय र बजारमुखी
- विशिष्ट उद्देश्यहरू:
- स्थानीय आर्थिक गतिविधि र रोजगारीको अवसरसँग सान्दर्भिक बजारमुखी सीप प्रदान गर्ने ।
- व्यावहारिक र प्राविधिक सीपमार्फत आयआर्जन र जीविकोपार्जनमा सुधार ल्याउन सहयोग गर्ने ।
- महिला, सीमान्तकृत समुदाय र आर्थिक रूपमा पछाडि परेका युवाहरूको समावेशी सहभागिता प्रवर्द्धन गर्ने ।
- ३. कार्यक्षेत्र (Scope of Work)

छनोट भएको तालिम प्रदायक संस्थाले योजना तर्जुमा, समन्वय, परिचालन, तालिम वितरण, अनुगमन र तालिम पश्चातको सहयोगको पूर्ण जिम्मेवारी लिनुपर्नेछ ।

३.१ सञ्चालन गरिने तालिम कार्यक्रमहरू:

| क्र.सं. | प्याकेज | कार्यक्रमको नाम | अवधि | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | प्याकेज १ (VT-01) | जुनियर ब्युटिसियन (Junior Beautician) | ३९० घण्टा | ३० |
| २. | प्याकेज १ (VT-01) | ग्राफिक डिजाइन र फोटोग्राफी | ३९० घण्टा | २५ |
| ३. | प्याकेज १ (VT-01) | मन्टेसरी प्रशिक्षक (Montessori Instructor) | ३९० घण्टा | ३० |
| ४. | प्याकेज १ (VT-01) | केयरगिभर (Caregiver) तालिम | ३९० घण्टा | २५ |
| ५. | प्याकेज १ (VT-01) | पञ्चेबाजा बजाउने तालिम | १६० घण्टा | २० |
| ६. | प्याकेज २ (VT-02) | मोटरसाइकल मर्मत तालिम | ३९० घण्टा | २५ |
| ७. | प्याकेज १ (VT-01) | एकल महिलाहरुका लागि मनोविमर्श तालिम | ३९० घण्टा | ४० |
| ८. | प्याकेज १ (VT-01) | मिग वल्डिङ ( MIG Welding) तालिम | १८० घण्टा | २० |
| ९. | प्याकेज १ (VT-01) | डिजिटल साक्षरता तथा डिजिटल सेवा (online business) प्रवर्धनका लागि तालिम | १८० घण्टा | २२ |
| १०. | प्याकेज १ (VT-01) | युवा महिलाहरुका लागि ड्राईभिङ तालिम (LITE DRIVING | १८० घण्टा | २५ |

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नोट: तालिम प्रदायकले प्याकेज १ र प्याकेज २ अन्तर्गतका प्रत्येक कार्यक्रम / तालिमको लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्नेछ ।

४. तालिम सञ्चालनका मुख्य बुँदाहरू

- लक्षित समूह: बाणगंगा नगरपालिकाका नेपाली नागरिक, विशेषगरी युवा (१६ देखि ४० वर्ष), महिला र सीमान्तकृत समुदाय। .
- तालिम विधि: ८०% प्रयोगात्मक र २०% सैद्धान्तिक शिक्षण।
- मापदण्ड: सबै तालिमहरू CTEVT द्वारा स्वीकृत पाठ्यक्रम वा सो सरहको मान्यता प्राप्त स्तरमा आधारित हुनुपर्नेछ
- समूह विभाजन: प्रत्येक ब्याचमा २० देखि ३० जना प्रशिक्षार्थीहरू रहनेछन् ।

५. मानव संसाधन आवश्यकता (Human Resource)

तालिम प्रदायकले निम्न बमोजिमका जनशक्ति परिचालन गर्नुपर्नेछ:

- मुख्य प्रशिक्षक (Main Trainer): सम्बन्धित विषयमा NSTB लेभल II वा सो सरह + TOT र न्यूनतम २ वर्षको अनुभव तोकिएको न्यूनतमअनुभव अवधी वा सो भन्दा बढीको अनुभव भएमा आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ
- सह-प्रशिक्षक (Co-Trainer): सम्बन्धित विषयमा NSTB लेभल I वा सो सरह + TOT र न्यूनतम २ वर्षको अनुभव तोकिएको न्यूनतमअनुभव अवधी वा सो भन्दा बढीको अनुभव भएमा आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ
- तालिम संयोजक (१ जना): स्नातक उत्तीर्ण र तालिम क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव।
- अनुगमन अधिकृत (१ जना): १०+२ उत्तीर्ण र गुणस्तर सुनिश्चिततामा २ वर्षको अनुभव।
- ६. रिपोर्टिङ र भुक्तानी तालिका
- तालिम प्रदायकले नगरपालिकामा मध्यवधि र अन्तिम कार्य सम्पन्न प्रतिवेदन बुझाउनुपर्नेछ । भुक्तानी निम्न आधारमा गरिनेछ:

| बुझाउनुपर्ने कागजात (Deliverable) | समयसीमा | भुक्तानी प्रतिशत |
|---|---|---|
| अन्तिम प्रतिवेदन र प्रमाणीकरण | तालिम समापन र प्रमाणपत्र वितरण पश्चात | १०० |

७. योग्यता र छनोट मापदण्ड

- अनिवार्य कागजातहरू: संस्था दर्ता प्रमाणपत्र (कम्तिमा ५ वर्षको अनुभव), भ्याट/प्यान दर्ता, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र मान्य CTEVT सम्बन्धन।
- अनुभव र कारोबार: व्यावसायिक तालिम सञ्चालन गरेको न्यूनतम १००० घण्टाको अनुभव र पछिल्लो ३ वर्षको औसत वार्षिक कारोबार न्यूनतम २० लाख हुनुपर्ने।
- मूल्याङ्कन विधि: गुणस्तर र लागतमा आधारित छनोट (QCBS) विधि। प्राविधिक प्रस्तावको भार ८०% र वित्तीय प्रस्तावको भार २०% रहनेछ।
- न्यूनतम अंक: प्राविधिक प्रस्तावमा १०० मध्ये न्यूनतम ६० अंक ल्याउने संस्थाहरू मात्र वित्तीय मूल्याङ्कनको लागि योग्य हुनेछ।
- नगरपालिका बाट स्विकृत लक्षित समूह/समुदायमका लागि सीपमूलक, व्यवसायीक तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ यसको अभिन्न अंगको रुपमा रहने छ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner